गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500046719

चलानी नं. १३९१/१३३४७८/४७९/०८२/०८३

मितिः-२०८२/११/१७

१. श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

२. श्री नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रीपुरेश्वर, काठमाडौं ।

४. नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरवार प्लाजा, काठमाडौ ।

४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,
पुतलीसडक, काठमाडौं ।

५. श्री नेपाल धितोपत्र बोर्ड,
गोदावरी रोड, ललितपूर ।

६. श्री एनआईएमबि एस क्यापिटल लि.,
लाजिम्पाट, काठमाडौं ।

**विषयः- एकतीसौं वार्षिक साधारण सभा तथा शेयर ना.सा.दा.खा. बन्द(Book Close)सम्बन्धी जानकारी गरिएको बारे ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८२/११/१७ गते दिनको ४:०० बजे बसेको संचालक समितिको ४५५ औं बैठकको निर्णयानुसार एकतीसौं बार्षिक साधारण सभा मिति २०८२ चैत्र १० गते (तदनुसार २४ मार्च, २०२६) मा सम्पन्न गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु । साथै वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको शेयर दाखिला खारेज नामसारीको कार्य मिति २०८२/१२/०२ गते एक दिन बन्द रहने व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछु ।

**क) सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२ साल चैत्र १० गते (तदनुसार २४ मार्च २०२६)
समय : ११:०० बजे
स्थान : गुडविल कम्प्लेक्स, गुडविल फाइनान्स लिमिटेड, हात्तिसार, काठमाडौं ।

**ख) छलफलका बिषयहरु :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०८१/०८२ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३) लेखापरीक्षण समितिको सिफारिस ब्रमोजिम आ.व. २०८२/०८३ को लागि बाह्य लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) स्वतन्त्र संचालक नियुक्तीको जानकारी सम्बन्धमा ।
५) विविध

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)

**GOODWILL FINANCE LIMITED**

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

**Corporate Office**
**P.O. Box** 8867, Hattisar, Kathmandu
**Tel** 01-4444039, Fax 01-4443414
**Email** info@goodwill.net.np
**Web** www.goodwillfinance.com.np
PAN 500046719

***साधारण सभा सम्बन्धी जानकारी***

१) मिति २०८२ चैत्र ०२ गते एक दिन संस्थाको शेयर नामसारी दाखिला खारेज बन्द गरिएको छ । शेयर दाखिला खारेज बन्द (Book Close) हुनु भन्दा अघिल्लो दिन सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन पाउनेछन् ।

२) शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन अर्थात मिति २०८२ साल चैत्र १० गते दिनको १०:०० बजे सभा स्थलमा उपस्थित जनाउने कार्यको लागि उपस्थित पुस्तिका राख्ने व्यवस्था मिलाईएको छ ।

३) बार्षिक साधारण सभा सम्बन्धि प्रतिवेदन संस्थाको www.goodwillfinance.com.np वेवसाइटमा राखिएको छ ।

४) प्रतिवेदन माथिको सल्लाह र सुझाब लिखित वा e-mail info@goodwill.net.np मार्फत जानकारी गराउन सकिने छ ।

५) अन्य जानकारीको लागि संस्थाको कर्पोरेट कार्यालय हात्तीसारमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

भवदीय,

लक्ष्यराम सिंख्वाल
(कम्पनी सचिव)